# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२५,पौष २०६८


## भित्र



**३३औं साधारणसभामा निर्वाचित कार्य समितिका पदाधिकारी तथा सदस्यहरुले प्रमाणपत्र लिँदै ।**


ज्ञापनपत्र पेस............................४

०६८ पौष मसान्तसम्म सपन्न क्रियाकलाप विवरण...............४

०६८/०६९ पुष मसान्तसम्को आय-व्यय विवण........................४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# वैदिक परम्परा र बौद्ध विधिबाट

## ३३औं साधारणसभा उद्घाटन

समग्र विकास सेवा केन्द्रको ३३औं साधारणसभा पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठान, धुम्बाराही काठमाडौंमा सम्पन्न भयो । वैदिक परम्पराअनुसार बटुकहरूद्वारा वेदका ऋचापाठ र बौद्ध विधिअनुसार लामाबाट एकैसाथ ३३ दीप प्रज्वलन गरेर उद्घाटन गरिएको साधारणसभाको रौनक हेर्न लायक थियो । परम्परागत चलनभन्दा बेग्लै रूपको भएर पनि होला- सह-उद्घाटनले कार्यक्रममा उपस्थित अतिथि तथा सहभागीहरू मङ्गलमय क्षणको अनुभूति गरिरहेका थिए । कार्यक्रममा वेद विद्याश्रमका पाँच वटुक तथा सिद्ध लामा टुल्कु छिरिङ पल्ज्यूसहितका लामाहरू सहभागी हुनुहुन्थ्यो । नेपाली मौलिक सामाजिक-सांस्कृतिक माहौलले छुट्टैपन देखिएको थियो ।



साधारणसभा खुला र बन्दसत्र गरी दुई चरणमा भएको थियो । खुलासत्रमा अतिथिहरूसमेत सहभागी हुनुहुन्थ्यो भने बन्दसत्रमा संस्थाका सदस्यहरू मात्र बसेर भावी योजना र विगतका गतिविधिबारे बृहत्



छलफल गरिएको थियो । उद्घाटनलगत्तै कार्यक्रम व्यवस्थापक प्रेमराज ढुङ्गेलले समग्रका सम्पूर्ण गतिविधिको जानकारी गराउने स्लाइड प्रस्तुत गरेपछि अतिथिहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । बन्दसत्रमा महासचिव दुर्गादत्त घिमिरे तथा कोषाध्यक्ष श्रीमती चमेली प्रधानले लिखित प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँहरूले प्रस्तुत गर्नुभएको प्रतिवेदन केही संशोधनसाथ साधारणसभाका सहभागी सदस्यहरूले पारित गर्नुभयो । बैठकमा ०६६/६८ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत भई पारित भयो । सामाजिक परिवार (साप) ले ०६७/६८ को आन्तरिक वार्षिक लेखा परीक्षक तथा बाह्य लेखापरीक्षकहरूमा क्रमशः दिव्य आचार्य र प्रवीणध्वज जोशीलाई नियुक्त गरी पारिश्रमिक निर्धारण गऱ्यो ।

कार्यसमितिको २ वर्षे कार्यकाल पूरा भएकाले ३३औं साधारणसभाले नयाँ कार्यसमितिको निर्वाचन सम्पन्न गऱ्यो । कञ्चन लामा बर्माको अध्यक्षतामा निर्वाचित ९ सदस्यीय कार्यसमितिको उपाध्यक्षमा दुर्गादत्त घिमिरे, महासचिवमा सूर्यप्रसाद नेपाल, सचिवमा बाबुकाजी अधिकारी, कोषाध्यक्षमा चमेली प्रधान र सदस्यहरूमा छेवाङ ग्याल्चेन लामा, सतौनदेवी सदा, वीणा सिंहा र अवधनारायण यादव निर्वाचित हुनुभयो । निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचन समितिका संयोजक हुमकान्त चौलागाईंले शपथग्रहण गराउनुका साथै प्रमाणपत्र वितरण गर्नुभयो ।

साधारणसभालाई शुभकामना दिने क्रममा दलित कल्याण सामाजिक परिवार हर्दिया, सप्तरीका अध्यक्ष सतौनदेवी सदाले समग्रले हामी जस्ता अशिक्षित, अपहेलित र गरिब समुदायमा पुगेर हामीलाई ज्ञान, बुद्धि दिने काम गरेको छ । हामीहरूलाई संगठित गरेर हाम्रो गाउँमा सामाजिक परिवार बनाएर हामीलाई ठूलो गुन लगाएको छ । हामीहरू सामाजिक परिवारका माध्यमबाट सशक्त भएर आफ्नो हक-अधिकार र विकास खोज्न सक्षम भएका छौं । अरूका अगाडि राम्रोसँग बोल्न नसक्ने म दलित प्रतिनिधिका रूपमा स्थापित भएर काठमाडौंसम्म आएर तपाईंहरू बुद्धिजीवीहरूका अगाडि भाषण गर्न सक्ने भएकी छु भन्ने विचार व्यक्त गरिन् । सामागाउँ, गोरखाका खेम्बोदोर्जे लामाले समग्र सबैको अभिभावक बनेको छ । सबैतिर राम्रो काम गरेको छ । हाम्रो ठाउँमा घोडेटो बाटो बनाएर हामी सबैलाई हिँड्डुल गर्न सजिलो भएको छ । दैनिक रूपमा सयौं खच्चड, घोडाहरू ओहोर-दोहोर गर्न सक्ने भएका छन् । समग्रले सामागाउँदेखि मनाङसम्मको बाटो पनि बनाउनुपर्दछ । तिब्बतको बोर्डरदेखि नाम्ब्रुङसम्म मोटरबाटो पनि बनाउनुपर्दछ भन्ने विचार व्यक्त गरे । अर्को वक्ता नेपाल दलित कल्याण संस्थाका अध्यक्ष भक्तबहादुर विश्वकर्माले कार्यक्रमको प्रस्तुति देख्दा गौरवको अनुभूति भयो । समग्रको नामअनुसारकै काम भएको थाहा पाउँदा खुसी लाग्यो । समग्रले सामाजिक परिवारका माध्यमबाट सीमान्तकृत समुदायमा कार्य सञ्चालन गरेकामा म ज्यादै प्रभावित भएको छु । अहिलेको सङ्क्रमण र परिवर्तनको अवस्थामा आर्थिक सामाजिक, राजनीतिक तथा सांस्कृतिक सबै किसिमले वञ्चितीकरणमा परेका समुदाय छन् ती क्षेत्रलाई केन्द्रबिन्दु बनाएर काम गर्न सक्यौं भने हामी सफल हुन्छौं भन्नुभयो ।

नेपाल मधेस फाउन्डेसनका कार्यकारी निर्देशक तुलानारायण शाहले समग्रले ग्रामीण नागरिकहरूको आवाजलाई समेटेर काम गरेको पाइन्छ । समग्रको कार्यशैली अरूको भन्दा फरक लाग्यो । यस्ता किसिमका





संस्थाहरू विरलै भेटिन्छन् । विकास मात्र भएर हुँदैन त्यसमा परिवर्तन र प्रगति पनि जोडिनुपर्दछ । आर्थिक रूपले मात्र विकास हुँदैन, आत्मसम्मान पनि उत्तिकै महत्वपूर्ण रहन्छ । समग्रसँग सहकार्य गरेर अगाडि बढ्न हामी इच्छुक पनि छौँ भन्नुभयो । वरिष्ठ पत्रकार कृष्णमुरारी भण्डारीले आफ्नो विचार यसरी राख्नुभयो– नेपालमा साँच्चै गरिब र दुःखीका लागि काम गर्ने संघसंस्था निकै कम रहेका छन् । उनीहरूको दुःख र पीर-मर्का बुझ्ने फुर्सद कसलाई छ र ? म तराई भ्रमणमा जाँदा देखेका कुरा : समग्रले के गर्दो रहेछ भने, देशले बजेट प्रकाशन गर्ने रातो किताबका काम गरेका जिल्लाका बुँदा समेटेर सानो किताब बनाउँदो रहेछ, त्यसमा कुन कार्यालयमा कति बजेट छ भनेर लेखिँदो रहेछ । त्यो किताब सापहरूमा बाँड्ने रहेछ । उनीहरू सहयोग खोज्न सरकारी कार्यालय जाँदा रहेछन् र कुरा गर्दा रहेछन् । गाउँका सबै मान्छे उल्टिएर जाँदा रहेछन्, कर्मचारीहरूले कार्यक्रम छैन, बजेट छैन भन्दा 'ल हाकिम साहेब तपाई एकछिन् बस्नुस् त' भन्दै उनीहरू त्यही किताब देखाउँदा रहेछन् । यही चरणबाट दलित बस्तीमा २ वटा हातेकल आएको रहेछ । यसअघि त्यस गाउँमा त्यस्ता धारा रहेनछन् । यी त केही उदाहरण हुन् । साँच्चै समग्रले सानो-सानो काम गरेको छ । तर केही पनि काम नभएको सन्दर्भमा यी कार्यहरू निकै महत्वपूर्ण भएका छन् ।

उद्घाटन सत्रमा उपाध्यक्ष लक्ष्मणप्रसाद ज्ञवालीले पाहुनाको स्वागत गर्दै समग्रले सुरुदेखि नै सीमान्तकृत र विपन्न मानिससँग काम गर्दै आइरहेको बताउनुभयो । कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै संस्थाका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले गैरसरकारी संस्थाबारे बजारमा चलेका हल्लाभन्दा समग्र पृथक् गोरेटोमा हिँडिरहेको बताउनुभयो । हामीले बढ्ता प्रचारमुखीभन्दा ठोस र दिगो कामलाई अँगाल्दै आएका छौँ । समग्रले लामो समयदेखि ग्रामीण विपन्न बस्तीमा टुकी बाल्ने काम गर्दै आइरहेको छ । यस कामका लागि सबै संस्थाहरूसँग हातेमालो गर्दै जाने संस्थाको अवधारणा रहेको छ ।

साधारणसभाको सभापतित्व समग्रका अध्यक्ष बालकृष्णलाल जोशीले गर्नुभएको थियो । उद्घाटनसत्रको समापन गर्दै उहाँले भन्नुभयो- "आज बडो गौरवको दिन हो । २०५३ सालमा समग्रको पहिचान लिएर जन्मेको संस्थाको ३३औँ साधारणसभा हामी गर्दै छौँ । विभिन्न वक्ता बुद्धिजीवीहरूले समग्रको कार्यक्षेत्र गाउँबस्तीमा पुगेर आफ्नो अनुभव सुनाउनुभएकोमा म असाध्यै प्रफुल्ल भएको छु । फिल्डमा अति राम्रो काम भएको रहेछ भनेर सन्तोष लागेको छ । साधारण सदस्यहरू संस्थाका दूतहरू हुन् । उहाँहरू सबैको सहकार्यबाट संस्थाले लिएको लक्ष्य र उद्देश्य पूरा गर्न हामी अझै सफल हुनेछौँ ।" ●



## ज्ञापनपत्र पेस

कोशीटप्पु वन्यजन्तु संरक्षण क्षेत्रमा सैनिकहरूले त्यहाँका स्थानीय महिलाहरू घाँस-दाउराका लागि जङ्गल जाँदा अमानवीय व्यवहार र बलात्कारसम्म सहनुपर्ने, सर्वसाधारणहरूको जग्गा कब्जा गरी क्षतिपूर्ति नदिएको साथै जङ्गली जनावरहरूले दुःख दिई जनधनको क्षति हुँदा पनि सम्बन्धित निकायहरूबाट कुनै सुनुवाइ नभएको अवस्थामा पिप्रापूर्वको सरस्वती, सप्तकोशी, सुनकोशी, भगवती, दिनाभद्रीलगायतका सापहरूको पहलमा सो समस्या समाधानका लागि अभियान सुरु गरी त्यसलाई केन्द्रीय तहमा पुऱ्याउन सफल भएका छन् । उनीहरूले विभिन्न चरणमा शान्तिपूर्ण रूपमा आन्दोलन गर्दै जिल्ला प्रशासन कार्यालय राजविराज घेराउसम्म पनि गरे । आरक्षण क्षेत्रको सीमा निर्धारण गरी त्याहाँको घेराबन्दी गर्नुपर्ने, आरक्षण वन्यजन्तुबाट हुने घर तोडफोड, बालीनालीको क्षति गरेबापतको क्षतिको मल्याङ्कन गरी स्थानीय स्तरबाट क्षीतपूर्ति पाउने व्यवस्था गर्नुपर्ने, आरक्षण क्षेत्रमा रहेका रूख, खरी, पटेर, ढले-लडेका सुकेका दाउरा, कोशीको बाढीले बगाएर ल्याएका सुकेका काठहरू सरकारी दस्तुर लिई समय-समयमा उपभोक्ताहरूलाई वितरण गर्नुपर्ने, आरक्षण क्षेत्र वरिपरिका सुकुम्बासीहरूले जोत-भोग गर्दै आएको ऐलानी, पर्ती जग्गा सुकुम्बासीहरूलाई पुनः भोगचलनको व्यवस्था मिलाउनुपर्ने, पिप्रा पूर्व गा.वि.स. ८ पथरीमा पर्ने पोखरी गा.वि.स.लाई फर्काइयोस्, आरक्षणका सुरक्षाकर्मी, कर्मचारीबाट मानवअधिकार मैत्री व्यवहार गरियोस्, प्रभावित मानिसहरूका लागि बिमाको व्यवस्था आदि माग राखी ८२६ जनाको दस्तखतसहित वन तथा भूसंरक्षण, प्रधानमन्त्रीको कार्यालय, मन्त्रिपरिषद्को कार्यालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, वन विभाग, वन्यजन्तु आरक्षण विभाग, कोशी टप्पु वन्यजन्तु आरक्षण कार्यालय, राष्ट्रिय मानवअधिकार आयोगमा ज्ञापनपत्र पेस गरेका छन् । ●

**२०६८ श्रावणदेखि पौष मसान्तसम्म सम्पन्न क्रियाकलापहरूको विवरण**

| क्रियाकलाप | सहभागी संख्या | | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| स्थानीय तहमा मानवअधिकारको अनुगनम | १८ | २६४ | १२७ | ३९१ |
| जातीय विभेद र अन्य प्रकारका मानवअधिकार, उल्लङ्घन, हनन तथा ज्यादतीविरुद्ध जनचेतना अभियान | २३ | ६२५ | २७८ | ९०३ |
| सामाजिक लेखाजोखा | १८ | २८५ | २११ | ४९६ |
| सामाजिक परिवार छनोट/निर्माण र परिचालन | ३२० साप | | | |
| मानवअधिकार, द्वन्द्व रूपान्तरण, संस्थागतलगायत विषयहरूमा साप स्तरको अभिमुखीकरण | ६९ | ९७७ | ४४१ | १४१८ |
| अवलोकन भ्रमण समग्र स्वयम्सेवक, सा.प., सरकारी/गैरसरकारी संस्थाका लागि) | १ | १७ | २९ | ४६ |
| समन्वय/संजाल स्थापना/मागपत्र पेस/लबिङ भ्रमण | ११ | १६२ | १९२ | ३५४ |
| सचेतना अभियान सञ्चालन (नागारिक/राजनीतिक अधिकारको परिपूर्तिलगायत विषयमा) | ६७ | १०५५ | ४४१ | १४९६ |
| सहभागितामूलक योजना निर्माण तथा स्रोत मापन | १०० | १२५१ | १०३६ | २२८७ |
| मानवअधिकारसँग सम्बन्धित विभिन्न दिवसहरू | ५ | २४६ | ११२ | ३५८ |
| द्वन्द्व व्यवस्थापन/झगडा मिलानसम्बन्धी कार्य | ४ वटा मुद्दा | | | |
| शान्ति र मेलमिलापसम्बन्धी कार्य | ८ | १९९ | ११९ | ३१८ |
| सहकारी अभिमुखीकरण, सामाजिक परिवारलाई सहकारीमा आबद्ध हुनका लागि सहजीकरण | २ | ३९ | १६ | ५५ |
| सामाजिक परिवार व्यवस्थापन/नवीकरण | ३ जिल्ला | | | |
| स्रोतसाधान/अधिकारमा दाबी र परिचालन | २ करोड ५ लाख २३ हजार ८ सय चौध रुपैयाँ बराबरको | | | |
| व्यावसायिक तथा सीप विकास तालिम | ५ | ११ | ८ | १९ |

**०६८/०६९ पुष मसान्तसम्को आय-व्यय विवरण**

| आम्दानीतर्फ | |
|---|---|
| गत आ.व. २०६७/६८ को मौज्दातबाट | रू. ११,५२,५१४.०० |
| डानिडा/हुगोबाट | रू. ३०,००,०००.०० |
| गरिबी निवारण कोषबाट | रू. ३,८५,२७४.०० |
| जि.वि.स. लमजुङबाट | रू ३,९१,०००.०० |
| संस्थागत आम्दानीबाट | रु. ३,९००.०० |
| **कुल आम्दानीबाट** | **रू. ४९,३२,६८८.००** |
| **आम्दानीतर्फ** | |
| प्रशासनीक तथा शीर्षकअनुसारको खर्च | रू. १९,१२,२६५.०० |
| पारिश्रमिक | रू. १३,०७,५४०.०० |
| भ्रमण तथा यातायात खर्च | रू. १,५६,२८२.०० |
| घर भाडाहरू (केन्द्र तथा जिल्लाको समेत) | रू. २,५९,९९१.०० |
| अन्य सञ्चालन खर्चहरू | रू. १,८८,४५२.०० |
| कार्यक्रम सञ्चालन खर्च | रू. १८,१६,६६८.०० |
| गत वर्षको दायित्व भुक्तानी | रू. २६,४८८.०० |
| **कुल खर्च** | **रू. ३७,५५,४२१.००** |
| **०६८/०६९ पुष मसान्तसम्मको बचत** | **रू. ११,७७,२६७.००** |